**<u>कैदीहरुको मताधिकार सम्बन्धी परामर्श पत्र प्रकाशित</u>**

सरकारले आज (९ फरवरी २००९) कैदीहरू तथा अभियोग प्रमाणित नभएका तर हिरासतमा रहेका व्यक्तिहरूको मताधिकार निषेध सम्बन्धी हालको व्यवस्थामा छुट दिन नीतिगत विकल्पहरुको बारेमा जनताको दृष्टीकोण बुझ्न कैदीहरुको मताधिकार सम्बन्धी परामर्श पत्र प्रकाशित गरेको छ। परामर्श म्याद २३ मार्च २००९ मा अन्त्य हुने छ।

उच्च अदालतले ३ न्यायिक पुनरावलोकन सम्बन्धमा गत ८ दिसम्बर २००८ मा आफ्नो फैसला गरेको थियो। विधान परिषद् अध्यादेश अनुसार कैदीहरु मतदाताको रुपमा दर्ता हुन तथा मतदान गर्न नपाउने हालको व्यवस्थालाई अदालतले गैरसंवैधानिक मानेको छ। हिरासतमा राखिएका तर अभियोग प्रमाणित नभएका व्यक्तिहरुको लागी मतदानको दिनमा मतदान गर्नको लागी उचित व्यवस्था हुनुपर्दछ भन्ने पनि अदालतको मान्यता रहेको छ। सो फैसलाको आधारमा अब प्रशाशनले सो बन्देजहरुमा छुट दिने नीतिगत विकल्पहरुको अवलम्बन गर्न र कैदी तथा अभियोग प्रमाणित नभएका बन्दीहरुको लागी मताधिकार प्रयोगको निम्ति उचित व्यावहारिक व्यवास्थाहरू गर्न आवश्यक छ।

परामर्श पत्रमा कैदीहरू मतदाताको रुपमा दर्ता हुनको लागी आवेदन दिन अयोग्य हुने हालको प्रावधान हटाउने प्रस्ताव सरकारले गरेको छ।

कैदीहरूले मतदान गर्न नपाउने हालको बन्देजमा छुट दिने सम्बन्धमा सरकारले निम्न नीतिगत विकल्पहरू प्रस्ताव गरेको छ :

(क) पहिलो विकल्पमा, हाल विध्यमान व्यवस्थामा निम्न किसिमका व्यक्तिहरु माथि लगाइँदै आएको मताधिकार बन्देज हटाउने :
(१) मृत्युद्ण्ड अथवा कैद सजाय पाएका र सो सजाय (अथवा वैकलपिक सजाय) नभोगेका अथवा माफी पाएकाहरु अथवा
(२) कैद सजाय भोग्दै गरेकाहरु।

कैदीहरुलाई मतदान गर्न दिइएको खण्डमा उनीहरु नागरिक सोच सहितको नागरिकको रुपमा समाजमा राम्रोसंग घुलमिल हुनमा सहयोग पुग्नेछ। तर अपराधिक गतिविधिहरु रोक्न, नागरिक कर्तव्य बढाउन र कानूनी राज्यको सम्मानको खातिर पनि गंभीर किसिमका अपराधीहरुलाई मतदान गर्न बन्देज गर्नुपर्दछ भन्ने विचारहरु पनि छन्।

(ख) दोश्रो विकल्पमा, लामो समयको कैद सजाय भोगी राखेका व्यक्तिहरूको मताधिकार बन्देज गर्ने (जस्तै १० बर्ष वा सो भन्दा बढीको सजाय भोग्दै गरेकाहरु)। यसले विधानको मूल मर्मको सुरक्षा गर्दै कम गंभीर किसिमका अपराधिहरूको मतदान गर्ने अधिकारको पनि प्रत्याभूति दिन्छ। यहां सजायको लम्बाई गंभीर अपराध र कम गंभीर अपराध छुटयाउनको लागी आधार मानिएको हो। तर सजायको लम्बाईको आधारमा मात्र अपराध को गंभीरता मापन गर्न सकिंदैन भन्ने टिपण्णीहरु पनि छन्।

(ग) तेश्रो विकल्पमा, लामो समयको कैद सजाय भोगी राखेका व्यक्तिहरूको मताधिकार बन्देज गर्ने (जस्तै १० बर्ष वा सो भन्दा बढीको सजाय भोग्दै गरेकाहरु) तर पछिल्ला बांकी बर्षहरुमा चाहीं मतदान गर्न दिने (जस्तै पछिल्लो ५ बर्षमा)। सजायको अन्तिम तिर कैदीहरुलाई मतदान गर्न दिनाले उनीहरुमा नागरिक सोच को विकास हुनुका साथै समाजमा एकीकृत र पुनर्स्थापित हुनमा सहयोग पुग्न सक्नेछ। तर यो विकल्प पनि सजायको लम्बाईमा आधारित भएको हुंदा यो तरीका मतदान अयोग्यताको सिमा निर्धारण गर्न उपयुक्त हुने कि नहुने भन्ने शंका उत्पन्न हुन सक्छ।

कैदी तथा अभियोग प्रमाणित नभएका बन्दीहरुको मताधिकार प्रयोगको निम्ति प्रस्तावित व्यावहारिक व्यवस्थाहरू पनि सरकारले परामर्श पत्रमा समावेश गरेको छ। जस्तैः मतदान योग्य कैदीहरुको दर्ता गरिएको ठेगाना, उम्मेदवारहरुको प्रचार प्रसार तथा मत खसाल्ने र मत गणना गर्ने व्यवस्थाहरु आदि।

परामर्श पत्र विभिन्न जिल्ला कार्यालयहरुबाट प्राप्त गर्न सकिने छ अथवा संवैधानिक तथा मुख्यभूमि मामिला विभागको वेबसाइट www.cmab.gov.hk बाट डाउनलोड गर्न सकिने छ।

जनताहरुले आफ्नो दृष्टीकोण हुलाकद्वारा (Team 2, Constitutional and Mainland Affairs Bureau, Room 356, East Wing, Central Government Offices, Lower Albert Road, Hong Kong), फ्याक्सद्वारा (2840 1976) वा ईमेलद्वारा (pvr_consultation@cmab.gov.hk) २३ मार्च २००९ भित्रमा बुझाउन सक्नेछन्।

सोमवार, ९ फरवरी २००९